**जनकपुरधाम उप-महानगरपालिका**

जनकपुवधाम उप-मइानगवपानिका

# नगर कार्यपालिकाको कार्यालय

**(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)**

जनकपुरधाम, धनुषा

मधेश प्रदेश, नेपाल

## घरबाटै अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता सम्बन्धी सूचना !

नेपाल सरकारले व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद) अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्था गरेको हुँदा जनकपुरधाम उप-महानगरपालिका भित्र अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गर्न आफ्नो घरमै बसी मोबाइलबाट समेत व्यक्तिगत घटना दर्ता फारम भर्न सक्नुहुनेछ । फारम भरी प्राप्त टोकन नम्बर लिएर सम्बन्धित वडा कार्यालयबाट प्रमाणपत्र प्राप्त गर्न सक्नुहुनेछ ।

**<u>फाराम भर्ने तरिकाः</u>**

१. https://public.donidcr.gov.np मा जानुहोस् वा देखाइएको QR-Code स्क्यान गरी "घटना दर्ताको लागि यहाँ थिच्नुहोस्" मा क्लिक गर्नुहोला ।

२. क्लिक गरिसकेपछि कुन प्रयोजनको लागि फाराम भर्दै हुनुहुन्छ, छनोट गर्नुहोला ।

३. छनोट गरिसकेपछि फाराम खुल्नेछ । उक्त फाराम भरी सकेपछि अन्तिममा मोबाइल नम्बर राखेर पेश गर्नुहोस् ।

४. उक्त मोबाइल नम्बरमा टोकन नम्बर प्राप्त हुनेछ र सोही टोकन नम्बर लिई ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरी स्थानीय पञ्जिकाधिकारीबाट व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र उपलब्ध हुनेछ । टोकनको प्रयोग ३५ दिनभित्र गरिसक्नुपर्नेछ, अन्यथा पुनः माथिको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**पुनश्चः व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।**